आज मिति २०६८ असार २८गतेका दिन नेपालको संविधान २०६२ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चातको तेस्रो जिल्ला सभा बैठक जि०वि०स० प्रमुख श्री गणेश राज भट्ट ज्युको सभाध्यक्षतामा तपसिलको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णयहरु गरियो।

## उपस्थिति

| | | | |
|---|---|---|---|
| सभाध्यक्ष | श्री गणेश राज भट्ट | जि०वि०स० प्रमुख | |
| सदस्य | श्री भिम बहादुर रावल | नगर प्रमुख | प०न०पा० |
| ,, | श्री विशेश्वर प्रसाद ओझा | ,, ,, | अ०न०पा० |
| ,, | श्री रत्ना देवी कापी | उप प्रमुख | जि०वि०स० |
| | श्री बलबहादुर गुरुङ | अध्यक्ष | आलिताल गा० |
| ,, | श्री नवल बहादुर मल्ल | ,, | गन्यापधुरा ,, |
| ,, | श्री कविन्द्र विष्ट | ,, | नवदुर्गा ,, |
| ,, | श्री उमेश प्रसाद भट्ट | ,, | अजयमेरु ,, |
| ,, | श्री कौशिला कुमारी भट्ट | ,, | भागेश्वर ,, |
| ,, | श्री कलावती बोहरा | उपप्रमुख | प०न०पा० |
| ,, | श्री संगिता कुमारी भण्डारी | ,, | अ०न०पा० |
| ,, | श्री जना कुमारी विष्ट (बोगटी) | उपाध्यक्ष | आलिता[ल] |
| ,, | श्री कमला देवी ठगुन्ना | ,, | गन्यापधुरा |
| ,, | श्री इश्वरी देवी ओली | ,, | नवदुर्गा |
| ,, | श्री कलावती भाँड | ,, | अजयमेरु |
| ,, | श्री पदम बहादुर बोहरा | ,, | भागेश्वर |
| ,, | श्री रामचन्द्र अवस्थी | जि०स० स० सदस्य | |
| ,, | श्री परसुराम पन्त | ,, | ,, |
| ,, | श्री हिम राज अवस्थी | ,, | ,, |
| ,, | श्री लक्ष्मी देवी ऐर | ,, | ,, |
| ,, | श्री इश्वरी देवी रावल | ,, | ,, |
| ,, | श्री प्रेम बहादुर सार्की | ,, | ,, |
| ,, | श्री जानकी देवी दमाई | ,, | ,, |
| सदस्य सचिव | श्री कृष्ण देव जोशी | जिल्ला समन्वय अधिकारी | |
| | श्री राम प्रसाद ओझा | लेखापाल | जि०वि०स० |
| | श्री तेजबहादुर खड्का | ना०सु० | ,, |
| | श्री हरि प्रसाद पाठक | खरीदार | ,, |
| | श्री राम सिंह खड्का | का० स० | |

जिल्ला समन्वय समिति डडेल्धुराको तेश्रो जिल्ला सभा २०७६ मा जिल्ला समन्वय समितिका प्रमुख श्री गणेश राज भट्ट द्वारा प्रस्तुत आ.व. २०७५/०७६ को

## नीति तथा कार्यक्रम

जिल्ला शभा सदस्य ज्यूहरु
जिल्ला समन्वय समितिका उप प्रमुख ज्यू
जिल्ला समन्वय समितिका सदस्य ज्यूहरु
कार्यालयका कर्मचारी ज्यूहरु

सर्वप्रथम देश र जनताका लागि विभिन्न समयमा भएका ऐतिहासिक आन्दोलनहरुमा आफनो जीवनको बलिदान गर्ने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै नेपालको संविधान २०७२ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात्को तेश्रो जिल्ला सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु।

आजको गरिमामय सभामा यस जिल्ला समन्वय समितिको तर्फबाट जिल्लाको समग्र एवं प्रभावकारी विकासका लागि नेपालको संविधानको धारा २२० को उपधारा ७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ ले मार्गदर्शन गरे अनुरुप जिल्ला समन्वय समितिको नीति तथा कार्यक्रम जिल्ला सभा समक्ष प्रस्तुत गर्न पाउंदा आफुलाई गौरवान्वित महसुस गरेको छु। विगत लामो समय देखी स्थानीय निकाय निर्वाचित जनप्रतिनिधि विहिन भएको अवस्था र नेपालको संविधान जारी भई संघीय प्रणाली अनुरुप तीन वटै तहहरुमा जनताले आफ्नो अभिभावकत्व पाएको महशुस पक्कै गरेको हुनुपर्दछ। यस्तो अवस्थामा सवैको इच्छा चाहाना र रुचीलाई सम्वोधन गर्नु निश्चय नै चुनौतीपुर्ण कार्य हो। तर पनि जनताको चाहाना अनुरुपको जिल्लाको विकासका लागि हामी बैज्ञानिक ढंगबाट अघि वढीरहेका छौं। यसका लागि जिल्लाका सवै स्थानीय सरकारहरु, विकासका साझेदार, सरकारी तथा गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज, संचारकर्मी लगायत विकासका सहयात्रीहरुको भूमिका समेत महत्ववूर्ण रहदै आएको छ ।

यस अवसरमा हाम्रा अथक प्रयासहरुमा निरन्तर सल्लाह सुझाव सहयोग प्रदान गर्नुहुने माननीय सांसद ज्यूहरु, जिल्लामा क्रियाशिल राजनैतिक दलहरु, सरोकारवाला विकास साझेदारहरु एवं डडेल्धुरा जिल्लावासी सवै प्रति एकपटक पुनः आभार व्यक्त गर्न चाहान्छु ।

**आदरणीय जिल्लासभा सदस्यज्युहरु,**

यस जिल्लाको विकास प्रयासलाई योजनाबद्ध रुपमा व्यवस्थित र प्रभावकारी बनाउनु, स्थानीय सरकार सञ्चलन ऐन २०७४ को प्रस्तावनामा संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्यता, सहअस्तीत्व र समन्वय गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरि सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नु हामि सवैको कर्तव्य र दायित्व हो । लोकतन्त्रको लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखी नै सुदृढ र सक्षम वनाउनु आजको

हाम्रो आवश्यकता हो भन्ने कुरा महशुस गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम जिल्ला समन्वय समिति वैठकवाट नीतीगत निर्णय एवं भए गरेका प्रयासहरु यस सभा समक्ष पेश गरेको छु।

प्राकृतिक, सांस्कृतिक, भौगोलिक, ऐतिहासिक, र पर्यटकीय महत्वका दृष्टिले प्रचुर सम्भावना वोकेको जिल्ला भएर पनि तिव्र विकासको लागि हामी मांझ केही चुनौतीहरु पनि नभएका होइनन्। पिछडिएका वर्ग तथा समुदायलाई सामाजिक परिचालनका माध्यमबाट विकासको मूल धारमा ल्याउने, कृषी तथा उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी सृजना गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी आन्तरिक आयमा बृद्धि गर्ने लगायतका चुनौतीहरु हाम्रो सामु रहेका छन ।

मुलुकमा संविधानसभाबाट संविधान जारी भई तीन तहका सरकारहरू गठन भएको अवस्था छ । हाम्रो जिल्लामा ७ वटा स्थानीय तहमा सरकार विधायिकी, कार्यकारी र न्यायिक अधिकारसहित क्रियाशिल रहेका छन । स्थानीय सरकारले चालु आ.व.मा बजेट तर्जुमा देखी कार्यान्वयनसम्म र आगामी वर्षको वजेट तर्जुमा, कार्यान्वयनमा पनि जनसहभागिता र जनउत्साह बढाउदै अगाडी बढेका छन् । स्थानीय तहहलाई आवस्यक पर्ने विभिन्न कानून तर्जुमा गरी न्यायिक समितिहरू क्रियाशिल रहेका छन ।

**आदरणीय उपस्थित सभा सदस्यज्यूहरु,**

अव म जिल्ला समन्वय समितिको २०७५/०७६ को यस अवधि सम्मको मुख्य उपलब्धी प्रस्तुतिका लागि अनुमति माग्दछु ।

- २०७५ साउन देखी हाल सम्म ५८ वटा नीतगत एवं समन्वयात्मक निर्णयहरु पारित गरिएको ।
- २०७५ साउन देखी हाल सम्म १५ पटक जिल्ला समन्वय समितिको वैठक सम्पन्न भएको ।
- मिति ०७५ साउन देखी हाल सम्म कर्मचारी व्यवस्थापन एवं सम्पत्ती, दायित्व, वजेट तथा कार्यक्रम स्थानीय तहमा हस्तन्तरण सम्वन्धी ३ वटा वैठक सम्पन्न गरिएको ।
- मिति ०७५/१२/२५ गते जिल्ला समन्वय समिति, विषयगत कार्यालयका प्रमुखहरु र स्थानीय तहहरुका प्रमुख/ उप प्रमुखहरु र प्रशासकीय अधिकृतहरु, गैर सरकारी संघ सस्थाहरु र पत्रकार तथा संचारकर्मीहरुको उपस्थितिमा आ.व. २०७५/०७६ को दोश्रो चौमासिक प्रगती समिक्षा वैठक सम्पन्न गरिएको ।
- भुमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको सहयोगमा यस जिल्लामा गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण सम्वन्धि कार्यक्रमको शुभारम्भ गरिएको छ ।
- मिति ०७५/८/१२ देखी हाल सम्म परशुराम नगरपालिका प्रस्तावक भई पेश भएका ८ वटा नदि खोला, आलिताल गांउपालिका प्रस्तावक भई पेश भएका २ वटा नदि खोला एवं गन्यापधुरा गांउपालिका प्रस्तावक भइ पेश भई आएको १ खोला गरि जम्मा ११ वटा नदि/खोलाको प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदनहरु स्वीकृत गरि सम्वन्धित स्थानीय तहहरुमा पठाईएको छ ।

- जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्वन्धी कार्यविधि - २०७४ वमोजिम जिल्लामा भए गरेका सम्पूर्ण विकास गतिविधिहरूको निरन्तर संयुक्त अनुगमन गरि अनुगमन प्रतिवेदन तयार गरिएको र सो प्रतिवेदनमा सुझावसहित कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाइएको ।
- परशुराम, अजयमेरु लगायतका महत्सवहरुमा समन्वयकारी भुमिका निर्वाह गरिएको छ ।
- बैतडी र यस जिल्लाको सिमा अनारखोलीमा परेको सिमा विवाद दुवै जिल्लाको समन्वयमा समाधानकालागि पहल गरि विवाद समाधान गरियो ।
- २०७५ भाद्र १२ देखी हाल सम्म अख्तीयार दुरुपयोग अनुसन्धान आयोग एवं अन्य निकायहरुबाट ७ वटा उजुरीहरु कार्यालयमा दर्ता भएको । उक्त उजुरीहरुका सम्वन्धमा छानविन गरि राय सहितको प्रतिवेदन सम्वन्धित निकायहरुमा पठाई ७ वटै उजुरी फर्छौट गरिएका छन् ।

आदरणीय उपस्थित सभा सदस्यज्यूहरु,

अव म जिल्ला समन्वय समितिको २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुतिका लागि अनुमति माग्दछु ।

- जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्वन्धी कार्यविधि - २०७४ लाई प्रभावकारी रुपमा लागुगरि जिल्लाको विकास निर्माण गतिविधिलाई चुस्त, दुरस्त र पारदर्शी बनाउन आवस्यक समन्वयका लागि थप पहल गरिने छ ।
- डडेल्धुरामा ७५ प्रतिशत भन्दा बढी विभिन्न जैविक विविधता (वन सम्पदा) र धार्मिक एवं ऐतिहांसिकरुपमा रहेका परशुराम, उग्रतारा, घटाल, गन्यापधुरा, नवदुर्गा, भगेश्वर, डागेश्वरी लगायत आलिताल, अमरगढी, अजयमेरु र उग्रतारा पोखरागुफा जस्ता महत्वपुर्ण धार्मिक/ ऐंतिहासिक स्थलहरुको प्रचार प्रसार गरि जिल्लालाई पर्यटकीय करीडोरको रुपमा विकास गर्न पहल गरिने छ ।
- जिल्लाको माथिल्लो र तल्लो भुभागलाई आलुजोन र धान जोनका रुपमा विकास गरिने छ ।
- स्थानीयतहहरु विचको समन्वय वढाउन प्रत्येक चौमासिक रुपमा समन्वय वैठकको आयोजना कार्यलाई निरन्तरता दिईने छ ।
- स्थानीय तहहरुका पदाधिकारी एवं कर्मचारीहरुको क्षमता अभिवृधीको लागि प्रदेश तथा संघीय सरकारसंग समन्वय गरिने छ ।
- डडेल्धुरा जिल्लाको सदरमुकामलाई व्यवस्थित सहरका रुपमा अगाडी वढाउन सवैको साझा पहलमा जोडदिईने छ ।
- डडेल्धुरा अस्पताललाई आधुनिक र सुव्यवस्थित अस्पतालको रुपमा विकास गर्न सांझा पहल गरिने छ ।

- सबै स्थानीय तहहरुमा प्राविधिक शिक्षालाई बढावा दिने र जिल्लास्तरमा प्राविधिक शिक्षालय ( कलेज) स्थापनाकालागि सांझा पहल गरिने छ ।
- संघ र प्रदेस सरकारवाट संचालित योजनाहरुको उपभोक्ता समिति गठन गर्दा स्थानीयतहहरुको रहोवरमा गठन गरिने निती अवलम्वनकालागि प्रयास गरिने छ ।
- प्रदेस पुर्वाधार साझेदारी विकास कार्यक्रमबाट छनौट भएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन एवं मर्मत सुधारको जिम्मेवारी स्थानीय तहहरुमा हुनुपर्ने तथा स्थानीयतहहरुलाई बढी जिम्मेवार वनाईनु पर्ने विषयमा प्रभावकारी छलफल अगाढी वढाईने छ ।
- खानेपानी/ सिंचाईका मूल संरक्षणलाई प्रथमिकताकासाथ अगाढी वढाई एक घर एक धारा र खेतवारीमा सिंचाई हाम्रो सांझा पहल हुनेछ ।
- सिमा क्षेत्रका योजनालाई साझां प्रयासद्वारा अगाढी वढाईने छ ।
- जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनका लागि जिल्लास्तर र स्थानीय तहको विपद व्यवस्थापन समितिहरूसँग आवश्यक समन्वय र सहजीकरण गरिने छ ।
- जिल्लाभित्र रहेका सरकारी र सार्वजनिक संघ संस्थाको सम्पत्तिको औपचारिक तवरले सम्वन्धित स्थानीय तहहरूको माग बमोजिम हस्तान्तरणको प्रकृया अगाढी बढाईने छ ।
- सरकारी तथा गैर सरकारी संस्थासँग समिक्षा वैठकहरू सञ्चालन गरिनेछ ।
- जिल्लाको वन वातावरण संरक्षण र विकास निर्माण कार्यविच सन्तुलन मिलाई अगाडी बढने साझा नीति निर्माण गरी लागू गरिनेछ ।
- चुरे र महाभारतको संरक्षणका लागि साझा प्रयास र पहल गरिनेछ ।
- गरिवी न्यूनीकरण, रोजगारी सृजनाका लागि साझा प्रयास र पहल गरिनेछ ।
- जातीय भेदभाव, लैंगिक विभेद, छाउपढी जस्ता समाज विरूध्दका प्रथा र परम्परालाई शून्यमा पुर्याउने प्रयास र पहल गरिनेछ ।

सम्पूर्ण आदरणीय उपस्थित महानुभावहरु,

अन्त्यमा, जिल्ला समन्वय समिति एवं जिल्ला सभाको समन्वयकारी तथा अनुगमन मूल्याङ्कनको भुमिकालाई प्रभावकारी र पारदर्शी वनाउन सवै स्थानीय तहहरु, आम नागरिक, राजनितिक दल, वौद्धिक व्यक्तित्व, नागरिक समाज, पत्रकार, विकासका साझेदार लगायत सम्पुर्ण महानुभावहरुको सकृय र अर्थपुर्ण भुमिका र सहयोग रहने कुरामा विशवस्त रहदै यहांहरुको अमुल्य सल्लाह, सूझाव र सहभागिता प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै आफ्नो कार्य व्यस्तताको वावजुद पनि यस जिल्ला सभामा गरिमामय उपस्थितिको लागि सम्पुर्ण जिल्लासभा सदस्यज्युहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यबाद

गणेश राज भट्ट
प्रमुख
जिल्ला समन्वय समिति
२०७६ आषाढ २७ गते सुक्रवार

मिति २०७६ असाढ २७ गते सम्पन्न जिल्ला सभाको निर्णय:

निर्णय नं. १ आ.व. २०७५/०७६ मा जिल्ला समन्वय समितिले सम्पादन गरेका नीतिगत एवं समन्वयकारी निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ जिल्ला सभामा प्रस्तुत भएको नीति तथा कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ जिल्ला समन्वय समितिको कार्यालयबाट आ.व. २०७५/०७६ मा भए गरिएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

जिल्ला सभाबाट पारित भएका थप नितिगत निर्णयहरु

- जिल्लाको चुरे र महाभारत रेन्जमा दिनानुदिन बढी रहेको वन अतिक्रमण गरि वस्ती विकास विकासहुने क्रमलाई प्रभावकारी रुपमा निरुत्साहित गरि सबै स्थानीयतहहरुको साझा पहलमा अतिक्रमण पुर्णरुपमा रोकी व्यवस्थित वस्ति विकास गर्न वस्ती व्यवस्थापन प्रकृयामा जोड दिईनेछ ।
- स्थानीय तहहरुको न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धी गरि न्यायिक समितिको प्रभावकारी भुमिका वढाउन दक्ष जनशक्ती व्यवस्थापनका लागि पहल गरिने छ ।
- भित्री मधेश एवं माथिल्लो भेग गरि जिल्लाको दुई स्थानमा शितघर निर्माणका लागि पहल गरिने छ ।
- डडेल्धुरा जिल्ला लगायत सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा भटमास उत्पादन हुने गरेको र डडेल्धुरा जिल्ला सबै जिल्लाहरुको केन्द्रविन्दुको रुपमा रहेकोले भटमास उद्योग स्थापनाका लागि विशेस पहल गरिने छ ।